# प्रदेश राजपत्र


बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ४) हेटौंडा, मकवानपुर, जेठ २६ गते, २०७७ साल (अतिरिक्ताङ्क ५


## भाग १

प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

बागमती प्रदेश, हेटौंडा

बागमती प्रदेशको प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**संवत् २०७७ सालको ऐन नं. १**

## प्रदेश सूचनाको हक सम्बन्धी ऐन, २०७६ लाई संशोधन गर्न बनेको ऐन

**प्रस्तावना**: प्रदेश सूचनाको हक सम्बन्धी ऐन, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

बागमती प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस ऐनको नाम "प्रदेश सूचनाको हक सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७७" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **प्रदेश सूचनाको हक सम्बन्धी ऐन, २०७६ को दफा २ मा संशोधन**: प्रदेश सूचनाको हक सम्बन्धी ऐन, २०७६ (यस पछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (घ) पछि देहायको खण्ड (घ१.) थपिएको छः-

"(घ१.) "प्रमुख" भन्नाले सार्वजनिक निकायको प्रमुख सम्झनु पर्छ।"

३. **मूल ऐनको दफा ९ मा संशोधन**: मूल ऐनको दफा ९ को,-

(१) उपदफा (१) मा रहेको "उपलब्ध गराएमा" भन्ने शब्दहरु पछि "वा गलत सूचना उपलब्ध गराएमा" भन्ने शब्दहरु थपिएका छन्।

(२) उपदफा (३) मा रहेको "आंशिक रुपमा सूचना दिएको" भन्ने शब्दहरु पछि "वा गलत सूचना उपलब्ध गराएमा" भन्ने शब्दहरु थपिएका छन्।

४. **मूल ऐनको दफा १२ मा संशोधन**: मूल ऐनको दफा १२ को खण्ड (घ) हटाएको छ।

**५.** **मूल ऐनको दफा ३१ मा संशोधनः** मूल ऐनको दफा ३१ को उपदफा (३), (४) र (५) मा रहेको "समिति" भन्ने शब्दको अगाडि "पुनरावेदन" भन्ने शब्द थपिएको छ।

**प्रमाणीकरण मितिः २०७७।०२।२६**

**आज्ञाले,**
**विनोद प्रकाश सिंह**
**प्रदेश सरकारको सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।
मूल्य रु. ५।-